मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : २०३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ जेठ २७ गते शुक्रबार (Friday, June 10. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ११ वर्षीया बालिका बलात्कृत

**झापा, जेठ २६।** झापामा ११ वर्षीया एक बालिका बलात्कृत भएकी छन् ।

उनलाई बलात्कार गरेको अभियोगमा अर्जुनधारा नगरपालिका-११ बस्ने २८ वर्षीय विपीन राईलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । मेचीनगर नगरपालिका-१३ चारआलीस्थित झिल जाने बाटोमा ती बालिकालाई राईले मंगलबार राति बलात्कार गरेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय धुलाबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# विपद् कोष: रकम खर्च हुँदैन, पीडितले पाउँदैनन्

**झापा, जेठ २६।** विभिन्न विपद्बाट प्रभावित जनतालाई तत्काल राहत तथा उद्धार एवम् पुर्नस्थापनाका लागि सरकारी कोषमा अहिले रु. छ अर्ब ७९ करोड ९० लाख नौ हजार रकम मौजाद रहेको छ । यसमा विभिन्न स्थानीय तहले विनियोजन गरेको रकम समावेश गरिएको छैन ।

प्रकोप पूर्वतयारी सञ्जाल (डीपीनेट)को २६ औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले प्रस्तुत गरेको विवरण अनुसार हाल प्रधानमन्त्री प्राकृतिक प्रकोप उद्धार कोषमा रु. तीन अर्ब पाँच करोड ९१ लाख, राष्ट्रिय विपद् व्यवस्थापन कोषमा रु. दुई अर्ब छ करोड, प्रदेश विपद् व्यवस्थापन कोषमा रु. ५९ करोड ४४ लाख ९० हजार र जिल्ला विपद् व्यवस्थापन कोषमा एक अर्ब आठ करोड ५४ लाख १९ हजार रकम मौजाद रहेको छ ।

मनसुनको आवागमनसँगै आउनसक्ने विपद्को क्षतिमा प्रभावित जनतालाई प्रदान गर्ने गरी स्थापना गरिएका ती विभिन्न कोषको रकम खर्च नहुँदा पीडित तथा राहत उद्धारमा संलग्न निकायहरुले समयमै भुक्तानी पाउन सकेका छैनन् । केन्द्रदेखि स्थानीय तहसम्मले विभिन्न राहत कोषहरुको स्थापना गरे पनि त्यसको खर्च गर्ने कार्ययोजना नबन्दा विपद्बाट प्रभावित समुदाय एवम् राहत उद्धारमा संलग्न निकायहरुले वर्षौंसम्म भक्तानी पाउन नसकेको कार्यक्रममा वक्ताहरुले गुनासो गरेका छन् ।

प्रकोप पूर्वतयारी सञ्जाल (डीपीनेट)को २६औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा पूर्व शिक्षामन्त्री डा. गङ्गालाल तुलाधरले राज्यसँग पर्याप्त रकम मौजाद हुँदा विपद्मा परेका समुदायलाई तत्काल राहत तथा उद्धारका लागि आवश्यक रकमको परिचालन गर्नुपर्नेमा जोड दिए ।

प्रधानमन्त्रीको अध्यक्षतामा गठित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्का विज्ञ सदस्य समेत रहेका डा. तुलाधरले विपद्का क्षेत्रमा पछिल्लो समय नीतिगत व्यवस्था, संस्थागत संरचनाको स्थापना, पूर्वसूचना प्रणाली, दक्ष जनशक्ति र आवश्यक आर्थिक स्रोत उपलब्ध हुँदा पनि राजनीतिक नेतृत्वमा इच्छाशक्तिको अभाव र कर्मचारीतन्त्रले विभिन्न कानूनी अडचन देखाएर पन्छिने प्रवृत्तिले विपद्को पूर्वतयारीदेखि प्रतिकार्य र पुनःस्थापना कार्य प्रभावकारी हुन नसकेको टिप्पणी गरे । उनले विज्ञानमा आधारित जोखिम संवेदनशीलतालाई सबैले मनन गरी विपद्मा परेका समुदायको पक्षमा मानव महापूण्यमा लाग्न आग्रह गरे ।

एक साता छिटो शुरु भएको यस वर्षको मनसुन नेपालको पूर्व दिशा हुँदै पश्चिमतिर सक्रिय भइरहँदा विगत वर्षहरुको तुलनामा यस वर्ष बढी वर्षा भई ठूलो क्षति हुनसक्ने जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरिसकेको छ । विभागले यस वर्षको मनसुनको समयमा चार लाख २१ हजार घरधुरीका करिब २० लाख जनसंख्या प्रत्यक्ष प्रभावित हुने आँकलन गरिसकेको अवस्थामा भोलि विपद् आएमा त्यसबाट प्रभावित समुदायको उद्धार, राहत र पुर्नस्थापनाका लागि आवश्यक रकमको परिचालनमा कुनै कठिनाइ हुनु हुँदैन ।

प्राधिकरणका प्रवक्ता डा. भट्टराईले विगतमा मनसुनका कारण भएका क्षतिहरुको विश्लेषण गर्दै आगामी दिनमा मनसुन पूर्वानुमान र सम्भावित मनसुनजन्य विपद् जोखिमको आँकलन गरी मनसुनजन्य प्रतिकार्य योजना तर्जुमा गरिएको र छिट्टै यसलाई कार्यान्वयनमा ल्याइने जानकारी दिए ।

नेपालको पश्चिम तराई केन्द्रित वर्षा हुने र त्यसले बाढी, पहिरो र डुवानको समस्या बढाउने र विनास निम्त्याउन सक्ने विभागले अनुमान गरेको छ । विभागले प्रदेश नं. १को उत्तरी भूभाग, मधेश प्रदेशको अधिकांश भूभाग र बागमती प्रदेशको दक्षिणी भू-भागबाहेक अन्य

(बाँकी अन्तिम पृष्ठमा)

## विपद् प्रतिकार्य योजना बनाउँदै प्रदेश सरकार



**विराटनगर, जेठ २६।** नेपालमा मनसुन प्रवेश गरेसँगै प्रदेश १ सरकारले मनसुनजन्य घटनाबाट सुरक्षित रहनका लागि प्रतिकार्य योजनालाई अगाडि बढाएको छ ।

मनसुनबाट हुने क्षति नहोस् तथा भइहालेमा त्यसको प्रतिकार्य चाँडो गरी नागरिकलाई सुरक्षित बनाउनका लागि सरोकारवाला निकायसँग छलफल गरेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयमा आयोजना भएको अन्तरक्रिया कार्यक्रममा सरोकारवाला निकायसँग सुझाव संकलनका साथै विपद् भई हालेमा छिटो भन्दा छिटो उद्धार कसरी गर्न सकिन्छ भनेर छलफल गरिएको हो ।

यो वर्ष वर्षमायामा औसतभन्दा बढी नै पानी पर्ने मौसम पूर्वानुमान महाशाखाले पूर्वानुमान गर्दै गर्दा जोखिम बढी हुने भएकाले त्यसलाई प्रतिकार्य गर्नका लागि सबै क्षेत्रका प्रतिनिधिहरू जुट्नुपर्नेमा सहभागीले जोड दिएका छन् । छलफलमा सुरक्षा निकायका प्रतिनिधि, सरकारी तथा गैह्रसरकारी क्षेत्रका प्रतिनिधिले आ-आफ्ना धारणा राखेका थिए ।

छलफलमा प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी नायव उपरीक्षक (डीएसपी) सुनिल राईले विपद्को प्रतिकार्यका लागि प्रदेश १का तराईका जिल्लामा डीएसपी तथा पहाडी जिल्लामा प्रहरी निरीक्षकको नेतृत्वमा टोली तयारी अवस्थामा रहेको जानकारी दिए । विपद् घटनाको पहिलो सूचना नै

(बाँकी अन्तिम पृष्ठमा)

## लागूऔषध बेच्दाबेच्दै पक्राउ



**झापा, जेठ २६।** झापाको बिर्तामोड नगरपालिका-५बाट लागूऔषध बिक्रेता र खरिदकर्ता दुबैजनालाई प्रहरी पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरीले किरात चोकस्थित किराना पसलबाट लागूऔषध बिक्रेता वर्ष ४६ का डिजेन राजवंशी र खरिदकर्ता पाँचथरको फिदिमस्थित रानीटारका २२ वर्षीय सुजन गुरुङलाई पक्राउ गरेको हो ।

लागूऔषध बिक्री गर्दै गर्दा १६ दशमलव ३४ ग्राम ब्राउनसुगर, एक थान डिजिटल तराजु र नगद २ लाख ८४ हजार ७ सय रुपैयाँसहित राजवंशी पक्राउ परेका हुन् । उनीसंगै लागूऔषध खरिदर्ता गुरुङलाई समेत प्रहरीले पक्राउ गरेको हो ।

ठूलो परिमाणको लागूऔषध र मोटो रकमसहित पक्राउ परेका दुबै जनालाई इलाका प्रहरी कार्यालय अनारमनीमा राखिएको बताइएको छ । पक्राउ परेका उनीहरुबिरुद्ध लागूऔषध मुद्दामा जिल्ला अदालत झापाबाट म्याद थप गरी कारवाही अघि बढाउने प्रहरीले जनाएको छ । प्रहरीको सक्रियताका कारण पछिल्लो समय लागूऔषध कारोवारी धमाधम पक्राउ परिरहेका छन् ।

उता इलामको देउमाई नगरपालिका-३बाट प्रहरीले प्रतिवन्धित लागूऔषध ब्राउन सुगरसहित २ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा देउमाई नगरपालिका-७ का २० बर्षीय शम्भु लिम्वू र माई नगरपालिका-८का १८ बर्षीय सुमन लिम्बू रहेका छन् । नेपालटार-मंगलबारेस्थित सडक खण्डमा इलाका प्रहरी कार्यालय मंगलबारेबाट चेकिङमा खटिएको प्रहरी निरीक्षकसहितको टोलीले चेकजाँचको क्रममा प्रदेश १-०३-००१ प १६५५ र को.१३ प २१६६ नम्वरको मोटरसाइकलमा सवार उनीहरुको साथबाट ३ ग्राम ब्राउन सुगर बरामद भएको हो ।

## जाँच पास नहुँदा थन्कियो मल

**झापा, जेठ २६।** किसानले आवश्यक्ता अनुसार मल नपाइरहँदा भन्सार कार्यालयको गोदाममा १ महिनादेखि ९ हजार ९७० बोरा मल थन्किएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेडले ल्याएको मल विगत १ महिनादेखि जाँचपास नै नभई थन्किएको हो । भन्सार विभागका अनुसार विगत १ महिना अघि भन्सार कार्यालयमा आइपुगेको सो मल जाँचपास नै भएको छैन । तर, यही समय असारे खेतीका लागि किसान रासायनिक मलको अभाव खेपिरहेका छन् ।

मल आयातकर्ता केन्द्र मल जाँचपासका लागि नआएपछि विभागले पत्र लेख्दै जाँचपास गर्न भनेको छ । मलको अत्यधिक माग रहेको र भन्सार कार्यालयमा स्थान अभावका कारणले छिट्टै जाँचपास गर्न विभागले कृषि सामग्री केन्द्रलाई पत्र लेखेको हो ।

## योग्यता नपुगेकालाई नियुक्ति दिएपछि...

**झापा, जेठ २६।** राष्ट्रिय चिया तथा कफी विकास बोर्डका चार जनाविरुद्ध मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तोकिएको योग्यता नपुगेका आवेदकलाई नियुक्ति दिएको भन्दै मुद्दा दायर गरेको हो । राष्ट्रिय चिया तथा कफी विकास बोर्डका तत्कालीन कार्यकारी निर्देशक शेषकान्त गौतम, तत्कालीन प्रशासन शाखा प्रमुख रघुपति चौधरी, कृषि विकास अधिकृत गौरव लुइँटेल र लेखा अधिकृत टंकप्रसाद ओलीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

बोर्डले २०७२ असोज २ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम विभिन्न पदमा पदपूर्तिका लागि विज्ञापन गरेकोमा कृषि प्राविधिक पदमा र लेखापाल पदमा शैक्षिक योग्यता नमिल्ने व्यक्तिहरुलाई नियुक्ति दिएको भन्ने उजुरीका सम्बन्धमा छानबिन गर्दै आयोगले पदीय जिम्मेवारी निर्वाहका क्रममा कैफियत देखिएका चार जनाविरुद्ध मुद्दा दायर गरेको हो । बिहीबार विशेष अदालत काठमाडौंमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजायको मागदाबी लिई आरोपपत्र दायर गरेको हो ।

आयोगका अनुसार बोर्डका तत्कालीन कार्यकारी निर्देशक गौतमले पदपूर्ति संयोजक रही न्यूनतम् शैक्षिक योग्यता हेर्ने, जाँच्ने सम्बन्धमा पर्याप्त सावधानी अपनाउनुपर्नेमा तोकिएको न्यूनतम् शैक्षिक योग्यता नमिल्ने व्यक्तिहरुको दरखास्त फारम स्वीकृत गर्ने र गर्न आदेश दिने काम गरेको पाइएको छ ।

यस्तै, दरखास्त स्वीकृत गर्ने कर्मचारीहरुले उल्लेखित शैक्षिक योग्यता नहेरी, बदनीयत राखी न्यून एवम् अमिल्दो शैक्षिक योग्यताको तथ्यलाई लुकाइछिपाइ योग्यता नपुगेका आवेदकको दरखास्त फारम ठीक छ भनी प्रमाणित गरी गलत प्रतिवेदन दिई स्वीकृत गरी गराई भ्रष्टाचार निवारण ऐनको दफा १९ को उपदफा २ बमोजिमको कसुर गरेको आयोगको दाबी छ ।

## खेलाडीलाई झापा गोल्डकपले सम्मान गर्दै

**बिर्तामोड, जेठ २६।** शहीद स्मारक 'सी' डिभिजन लिग च्याम्पियन बनेको झापा फुटबल क्लबका खेलाडी तथा अफिसियललाई झापा गोल्डकपले नगदसहित सम्मान गर्ने भएको छ ।

बिहीबार बसेको झापा गोल्ड कपको बैठकले सो निर्णय गरेको हो । गोल्डकपका अध्यक्ष विनोद बस्नेतका अनुसार क्लबका खेलाडी तथा अफिसियललाई पुरस्कारस्वरुप जनही ११ हजार रुपैयाँ प्रदान गरिनेछ ।

जेठ २० गते सम्पन्न 'सी' डिभिजन लिगमा झापा फुटबल क्लब च्याम्पियन बन्दै बी डिभिजनमा बढुवा भएको थियो । खेलाडीलाई प्रोत्साहन गर्न झापा गोल्ड कपले पुरस्कृत गर्ने निर्णय गरेको महासचिव गजेन्द्रबहादुर पौडेलले बताए । एक विशेष कार्यक्रमको आयोजना गरी क्लबका खेलाडी तथा अफिसियल २८ जनालाई जनही ११ हजार रुपैयाँ प्रदान गरिने भएको हो ।




स्वयम्भु फुटबल क्लबलाई लिगको अन्तिम खेलमा ४-२ ले पराजित गर्दै झापाले 'बी' डिभिजन लिगमा आफ्नो स्थान पक्का गरेको

(बाँकी अन्तिम पृष्ठमा)

## सवारी दुर्घटनामा दुई जनाको मृत्यु

**बिराटनगर, जेठ २६।** तेह्रथुम र पाँचथरमा भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ ।

तेह्रथुमको म्याङ्लुङ नगरपालिका-१को भित्री सडकखण्डबाट म्याङ्लुङबाट तमोरतर्फ जाँदै गरेको प्रदेश १-०२-००३ त ४९८ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई बाटोदेखि अन्दाजी १०० मिटर तल खसी भएको दुर्घटनामा चालक फेदाप गाँउपालिका-५ ईसीबूका २६ बर्षीय रवीन खापुङको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले

(बाँकी अन्तिम पृष्ठमा)

## पबजी खेल्न नदिँदा आमाको हत्या

**झापा, जेठ २६।** मोबाइल तथा कम्प्युटरमा अनलाइनमा खेलिने खेल पब्जी खेल्न नदिएको रिसमा भारतमा एक किशोरले आफ्नी आमाको हत्या गरेका छन् ।

भारतीय सञ्चारमाध्यमका अनुसार उत्तर प्रदेशस्थित लखनउको पीजीआई क्षेत्रको यमुनापुरम कोलोनीका १६ वर्षीय किशोरले ४० वर्षीया आमालाई गोली प्रहार गरी हत्या गरेका हुन् । आमाको हत्याको तीन दिनपछि ती किशोरले बुबालाई फोनमार्फत जानकारी दिएका थिए । भाष्कर अनलाइनका अनुसार उनका बुवा नवीनकुमार सिंह सेनाका जुनियर कमिसन्ड अफिसर हुन् । नवीन पश्चिम बंगालमा कार्यरत छन् ।

उनले शनिबार नै आमाको हत्या गरे पनि त्यो बारे मंगलबार मात्रै बुबालाई जानकारी दिएका थिए । उनले भिडियोबाटै आमाको शव समेत देखाएका थिए । त्यसपछि नवीनले एक नातेदारलाई फोन गरेपछि त्यहाँ प्रहरी पुगेका थिए ।

प्रहरीका अनुसार नवीनका छोरालाई पब्जी खेल्ने लत लागेको थियो । नवीनकी श्रीमती साधनाले मोबाइलमा खेल्न रोक्थिन् । शनिवार राति पनि साधनाले आफ्नो छोरालाई नखेल्न भनेकी थिइन् ।

(बाँकी अन्तिम पृष्ठमा)

**यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर**

**यही जेठ २८ गते शनिवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।**

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीघ्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, महिलाहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

काठमाडौं का ख्यातिप्राप्त गोल्डमेडलिस्ट पायल्स, फिसर, फिस्टुला तथा सम्पूर्ण मलद्वारका समस्या रोग विशेषज्ञ **डा. प्रवीण कुमार यादव** पूर्वाञ्चलमै पहिलोपटक मात्र यही जेष्ठ २८ गते शनिबार बिहान ८ बजे देखि बेलुका ४ बजेसम्म मात्र बिर्ता आयुर्वेद बिर्तामोड झापामा । समयमै मौकाको फाइदा उठाउनु होला ।

आयुर्वेदमा M.S. (सर्जरी) गर्नुभएको डा. को सेवा

स्थान : **अस्टाङ्ग आयुर्वेद फार्मेसी**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

अदुवा खोला पुल पस्चिम दक्षिण हाइवेमै (फोनः राजगढ बस स्टेण्ड (मिटर दक्षिण) ९८०६०००३१३, ०२३-५५०१६६, ०२३-५४२३६६)

**URGENTLY REQUIRED**

**Devbhumi English School** is seeking dynamic and dedicated candidate for the following post.

| S.n. | Level | Sub. | No. |
|---|---|---|---|
| 1. | Secondary/Lower Secondary | English | 2 |
| 2. | Primary | Math/Science | 2 |

D.V.E.B.S. DEVBHUMI VIDHYAPITH ENGLISH BOARDING SCHOOL
Arjundhara-5, Jhapa / Ph.No -023 465010

Contact : 9852674398 9816073828

Interested Candidates are required to apply with handwritten application, Resume and other Credentials between- 9:00- 4:00PM by 29th of Jestha.

## प्रदेश नामकरणका लागि एमालेको समिति

**विराटनगर, जेठ २६।** प्रदेश १ को नामको विषयमा छलफल गर्न प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पाँच सदस्यीय समिति बनाएको छ।




बिहीबार बसेको एमालेको प्रदेश १ संसदीय दलको बैठकले पूर्व मन्त्री हिक्मतकुमार कार्कीको नेतृत्वमा पाँच सदस्यीय समिति बनाएको हो। गत फागुनमा मुख्यमन्त्री राजेन्द्र राईले नामकरणका लागि छलफल र समन्वय गर्न तत्कालिन सामाजिक विकास मन्त्री हाल स्वास्थ्य मन्त्री जयराम यादवको नेतृत्वमा समिति गठन गरेका थिए।

समितिले फागुन १० गते सर्वदलीय छलफल गरेयता थप छलफल गरेको छैन। एमालेले गठन गरेको समितिले नामका विषयमा दलभित्र र अन्य दलसँग छलफल गर्नेछ। पाँच सदयीय समितिको सदस्यमा पूर्व सामाजिक विकासमन्त्री जीवन घिमिरे र उषाकला राई, पूर्व उद्योग, पर्यटन वन तथा वातावरणमन्त्री जगदीशप्रसाद कुसियत र प्रदेश सांसद अर्जुन राई छन्। समितिले शुक्रबारबाट नै छलफल थाल्ने समिति सदस्य जीवन घिमिरेले बताए। 'नामका विषयमा दल भित्र पनि एकमत छैन'- उनले भने- 'दलमा छलफल गरेपछि अन्य दलसँग छलफल गर्छौं।'

प्रदेश १ स्वास्थ्य मन्त्री जयराम यादवले एमालेले समिति बनाएपछि छलफल गर्न सहज हुने बताए। 'एमालेले पनि आज समिति बनाएको छ, हामी अब छलफल गर्छौं'- उनले भने- 'बजेटपछि नामको विषयमा सदनमा छलफल गर्ने तयारी छ।'

केही दिनअघि मुख्यमन्त्री राजेन्द्र राईले सार्वजनिक कार्यक्रममा ठूलो दल भएका कारण एमालेलाई नामका लागि छलफलको नेतृत्व लिन आग्रह गरेका थिए। ९० जना सांसद रहेको प्रदेश १मा एमाले ठूलो दल हो। एमालेले निष्क्रिय रहे प्रदेशको नाम राख्न बहुमत पुग्दैन।

प्रदेश सभामा नेकपा एमालेका ३९, नेपाली कांग्रेसका २१, माओवादी केन्द्रका १५, नेकपा एकीकृत समाजवादी पार्टीका १०, जसपाका ३, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र राप्रपाका १-१ जना सांसद छन्। एमाले र राप्रपाबाहेक अरु दल सरकारमा छन्।

## सार्वजनिक स्थानमा लिङ्ग देखाएपछि...

**झापा, जेठ २६।** सार्वजनिक स्थानमा लिङ्ग देखाउने एक पक्राउ परेका छन्।

मोरङ कानेपोखरीका युवाले सार्वजनिक स्थानमा लिङ्ग झिकेर देखाएका थिए। मोरङ कानेपोखरी-४को ४० वर्षीय राजु चौधरीले वडाको नारायण चोकमा छलफल चलिरहेको बेला लुगा खोलेर लिङ्ग निकालेर सार्वजनिक रुपमा देखाएपछि उनलाई प्रहरीले पक्राउ गरेको हो।

छलफलको क्रममा गुप्ताङ्ग प्रदर्शन गरेपछि सहभागी एक जनाले सो कार्यको भिडियो समेत खिचेका थिए। भिडियोसहित इलाका प्रहरी कार्यालय पथरीमा उक्त बिषयमा जाहेरी परेपछि चौधरीलाई प्रहरीले पक्राउ गरेको हो।

घटना अनुसार छिमेकी रमेश दाहाल खेतमा जाँदै गर्दा चौधरीले अश्लील शब्दहरु बोल्दै बाटो छेकेका थिए। किन बाटो छेक्छस्‌भन्दा मादक पदार्थ सेवन गरेका चौधरीले म यहाँको डन हुँ भन्दै कुट्ने प्रयास गरेको दाहालको भनाइ छ। सो बिषयमा मंगलबार बिहान छरछिमेकीसहितको छलफल भएको थियो।

उक्त छलफलमा पनि राजु चौधरीले अश्लील शब्द बोल्न नछाडेको जाहेरीमा उल्लेख छ। सम्झाउँदा चित्रबहादुर राईलाई कुटपिट गर्दै समाजलाई आतंकित बनाउनुको साथै तिमीहरुले केही गर्न सक्दैनौं भन्दै लुगा खोलेर लिङ्ग देखाएको रमेश दाहालले बताए।

मुलुकी अपराध संहिता ऐन २०७४ अनुसार १० बर्ष माथि उमेरकाले सार्वजनिक स्थालमा गुप्ताङ्ग देखाउन पाइँदैन। अपराध संहिता अनुसार सार्वजनिकस्थलमा यौनाङ्ग देखाउन, यौन कार्य गर्न, अश्लील क्रियाकलाप गर्न र बोल्न पाइँदैन। यस्तो कार्य गरेको ठहर भएमा ६ महिनासम्म कैद र पाँच हजारसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था रहेको छ।

### चन्द्रगढी खानेपानीको चुनाव

# एमाले र राप्रपाबीच गठबन्धन, कांग्रेस एक्लै

**पार्थ मण्डल**

**झापा, जेठ २६।** भद्रपुरस्थित चन्द्रगढी खानेपानी उपभोक्ता तथा सरसफाई समितिको नयाँ नेतृत्व चयनका लागि दलहरुबीच सहमति नजुटेपछि यही असार ४ गते निर्वाचन हुँदैछ।


नेकपा (एमाले) र राप्रपा गठबन्धनको प्रगतिशील राष्ट्रवादी साझा समूह र नेपाली कांग्रेसको प्रजातान्त्रिक समूहले छुट्टाछुट्टै प्यानल बनाएर चन्द्रगढी खानेपानीको चुनावी मैदानमा उत्रिएका छन्।

नेकपा (माओवादी), नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीले भने चन्द्रगढीको खानेपानीमा आफ्नो उम्मेदवार खडा गरेका छैनन्। भर्खरै सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा कांग्रेसले नेकपा (माओवादी) र नेकपा (एकीकृत समाजवादी) सँग गठबन्धन गरी अघि बढेको थियो। स्थानीय तह निर्वाचनमा गठबन्धनभित्रै धोका भएको छ। त्यसैले चन्द्रगढी खानेपानीमा ती दलहरूबीच गठबन्धन भएन।

स्थानीय तह निर्वाचनमा तीन दलको संयुक्त गठबन्धनले नगरमा सोचे जस्तो परिणाम ल्याउन सकेन। माओवादी र एकीकृत समाजवादीका अधिकांश उम्मेदवारले पराजय व्यहोर्नु पर्‍यो। त्यही कारणले खानेपानीको चुनावमा कांग्रेस एक्लै मैदानमा उत्रिएको जानकारहरू बताउँछन्।

कांग्रेस र राप्रपासँग गठबन्धन गरी खानेपानीको चुनाव लड्ने एक प्रकारको लिखित सहमति नै भइसकेको कांग्रेसका नगर उपसभापति रमेशचन्द्र झाले जानकारी दिए। 'अन्तिम समयमा आएर राप्रपाले लिखित सहमति


पुरुषोत्तम अधिकारी


गोविन्द लम्साल

तोडेर एमालेसँग गठबन्धन गर्‍यो'- उनले भने- 'राप्रपाले सहमति तोडेकोले अन्य दलसँग तालमेल नगरी कांग्रेस एक्लै चुनावी मैदानमा उत्रियो।'

माओवादीका नगर सहइञ्चार्ज पुकारचन्द्र राजवंशीले खानेपानी चुनावको लागि कांग्रेससँग छलफल भएको बताए। 'कांग्रेससँग छलफल मात्र भयो'- उनले भने- 'त्यस्तो ठोस निर्णय केही पनि भएन, स्थानीय तह निर्वाचनमा जस्तै पार्टीका उम्मेदवारलाई उठाएर हराउनुभन्दा बाहिर बसेर नै सहयोग गर्ने निष्कर्ष पार्टीले निकाल्यो।' कांग्रेसले कार्यदल संयोजक तोकेका सोम ढुङ्गेलको प्रतिक्रिया पनि माओवादी जस्तै छ।

'स्थानीय तह निर्वाचनमा गठबन्धनले नगरमा राम्रो रिजल्ट निकाल्न नसकेको र त्यही भएर कांग्रेस नेता तथा कार्यकर्ताहरूले पनि त्यसैलाई आधार मानेर एक्लै चुनाव लड्ने निर्णय लिएको हो'- संयोजक ढुङ्गेलले भने। 'खानेपानीको चुनाव सर्वसम्मत बनाएर अघि बढ्न कांग्रेसले नै शुरुमा पहल गर्‍यो'- उनले भने- 'त्यही पहलको क्रममा राप्रपा सहमतिमा आयो, तर पछि राप्रपा सहमतिबाट पछि हटेर एमालेसँग गएर मिल्यो।'

स्थानीय तह निर्वाचनमा एमाले र राप्रपा एक्लाएक्लै चुनावी मैदानमा उत्रिएका थिए। त्यसको फाइदा गठबन्धनलाई भएकोले एमाले र राप्रपा चन्द्रगढी खानेपानी चुनावमा गठबन्धन गर्न पुगेको एमालेका एक नेताले बताए। एमाले र राप्रपाको गठबन्धन खानेपानीमा मात्र नभएर भद्रपुर नगरपालिकामा पनि सहकार्य र समन्वय गरी अघि बढ्ने बुझिएको छ।

विशेषगरी चन्द्रगढी खानेपानीमा वडा नम्बर ७ र १०का सम्पूर्ण उपभोक्ता, ८ र ९का केही उपभोक्ता मतदाता रहेका छन्। स्थानीय निर्वाचनमा ती वडाहरू कांग्रेसभन्दा पनि एमाले र राप्रपाकै मतदाता बढी रहेको मतगणनाले देखाइसकेको छ। त्यही कारणले पनि एमाले र राप्रपा सहकार्य गरी अघि बढेको हुनुपर्छ।

**दुई वटा प्यानल चुनावी मैदानमा**

नेकपा (एमाले) र राप्रपा गठबन्धनको प्रगतिशील राष्ट्रवादी साझा समूहबाट एमालेले अध्यक्ष, सचिव, चार सदस्य, लेखा समिति संयोजक र एक जना लेखा समिति सदस्य लिएको छ भने राप्रपाले उपाध्यक्ष, सहसचिव, कोषाध्यक्ष, दुई सदस्य, एक जना लेखा समिति सदस्य लिएको छ।

अध्यक्षमा पुरुषोत्तम अधिकारी, उपाध्यक्ष बाबुराम पराजुली, सचिवमा बाबुराम कार्की, सहसचिवमा झुमा शिवाकोटी (दाहाल) र कोषाध्यक्षमा खेमराज भट्टराईले उम्मेदवारी दिएका छन्। त्यस्तै सदस्यहरूमा कृष्णप्रसाद खतिवडा, मोहन श्रेष्ठ, रामकुमार गिरी, गंगा घिमिरे (नेपाल), सुजन विष्ट (दुलाल), सुमित्रा न्यौपाने (भट्टराई)ले उम्मेदवारी दिएका छन्।

त्यस्तै लेखा समिति संयोजकमा माधवप्रसाद घिमिरे, सदस्यहरूमा कृष्णबहादुर कटुवाल र निर्मल चाम्लिङले उम्मेदवारी दिएका छन्। समूहबाट अध्यक्ष पदका उम्मेदवार अधिकारी तेस्रो कार्यकालका लागि अध्यक्षमा उठेका हुन्। उनी वर्तमान अध्यक्ष हुन्।

त्यसैगरी कांग्रेसको प्रजातान्त्रिक समूहबाट अध्यक्षमा गोविन्द लम्साल, उपाध्यक्षमा उत्तम कोइराला, सचिवमा ऋषि चापागाँई, सहसचिवमा महेन्द्र कोइराला र कोषाध्यक्षमा लावण्यकुमार पोखरेलले उम्मेदवारी दिएका छन्। सदस्यहरूमा राजेन्द्र तुलाधर, प्रेमप्रसाद गौतम, तारादेवी लुइँटेल (ओली), निर्मला प्रसाईं (ओली), हरिमाया कार्की र मेनका शर्मा (दाहाल)ले उम्मेदवारी दिएका छन्। त्यस्तै लेखा समिति संयोजकमा रमेश पराजुली, सदस्यहरूमा पौरप्रसाद खतिवडा र सुशीला राजवंशीले उम्मेदवारी दिएका छन्।

अध्यक्ष पदमा स्वतन्त्रबाट यादव भट्टराईले उम्मेदवारी दिएका छन्। चन्द्रगढी खानेपानीमा बिहीबार उम्मेदवारी दर्तासँगै चुनावी चहलपहल पनि बढेको छ। भद्रपुरको ४ वटा वडामा गरी करिब ३ हजार ५१७ मतदाता रहेको खानेपानीका सह-लेखापाल उत्तम पोखरेलले जानकारी दिए।

## झुटा विवरण उल्लेख गरी जर्नल प्रकाशित

**झापा, जेठ २६।** नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आचारसंहिता विपरीत स्वास्थ्य क्षेत्रमा विभिन्न अध्ययन अनुसन्धान भएको पाइएको छ। स्वास्थ्य क्षेत्रमा अध्ययन अनुसन्धानका लेख/रचना प्रकाशित गर्दा परिषद्को आचारसंहिताविपरीत गरेको जनाउँदै १० भन्दा बढीमा उजुरी परेको छ।

परिषद्को आचारसहिंता अनुगमन तथा मूल्याङ्कन शाखाका प्रमुख नमिता घिमिरेले परिषद्को आचारसंहिता उल्लघङ्न गरेर विभिन्न जर्नलमा अनुसन्धानात्मक लेख प्रकाशित गरेको बताए। उनका अनुसार उजुरी परेकामध्ये धेरैजसो झुटा विवरण राखेर लेख प्रकाशित भएका छन्।

हुँदै नभएको परीक्षण प्रयोगशालामा छ, भनेर, अभिभावकको अनुमतिबिना बालबालिकाको परीक्षण, एउटा उद्देश्यका लागि भनेर अनुमति लिए पनि अर्कै विषयमा अनुसन्धान गर्नेजस्ता अनुसन्धानकर्ताले झुटो विवरण प्रकाशित गर्ने गरेको पाइएको उनको भनाइ छ।

परिषद्लाई प्राप्त भएका ती उजुरीमाथि छानबिन भइरहेको उनले जानकारी दिए। घिमिरेले आचारसहिंता उल्लंघन गरी अनुसन्धात्मक लेख प्रकाशित गर्ने अनुसन्धाकर्तालाई परिषद् ऐनअनुसार अनुसन्धानमा रोक लगाउन सकिने व्यवस्था रहेको जानकारी दिए। परिषद्को ऐन २०७४को दफा १०मा स्वास्थ्यसम्बन्धी अनुसन्धान गर्न स्वीकृत लिनुपर्ने र दफा १२ को (२)मा स्वीकृत नलिई अनुसन्धान कार्य गरेमा वा स्वीकृत लिई अनुसन्धान कार्य गर्दा तोकिए बमोजिमका शर्त वा परिषद्ले सचेत गराउन वा निश्चित अवधि तोकि त्यस्तो अनुसन्धानको काम गर्न नपाउने गरी रोक लगाउन सक्ने उल्लेख गरिएको छ।

परिषद्सँग स्वीकृत लिएर वार्षिक ८०० भन्दा बढी स्वास्थ्य क्षेत्रमा अनुसन्धान हुने गरेको पाइएको छ। परिषद्का कार्यकारी प्रमुख डा प्रदीप ज्ञवालीले स्वास्थ्यसँग सम्बन्धित अध्ययन, अनुसन्धान परिषद्को आचारसहिंतामा बाँधिएर गर्नुपर्ने बताए। उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तिले नेपालमा अनुसन्धान गर्न चाहँदा परिषद्को स्वीकृत स्वीकृत लिनुपर्दछ र शर्त राखेर मात्र अध्ययन गर्न दिने बताए।

परिषद्को स्वीकृतमा वैज्ञानिक आधारमा स्वास्थ्यसँग सम्बन्धित विषयमा अध्ययन गर्नुपर्दछ- ज्ञवालीले भने- अध्ययन गर्दा आचारसहिंताविपरीत मानवीय असरपर्ने खालको गर्नुहुँदैन। उनले कुनै पनि संस्थाले स्वास्थ्यमा अनुसन्धान गर्दा नियम पालना नगरे निश्चित समयसम्म अनुसन्धानमा रोक लगाउन सक्ने बताए।

अनुसन्धानकर्ताले स्वीकृत अनुसार काम नगरे, आचारसहिंताको गम्भीर उल्लंघन भयो, गम्भीर मानवीय असर गर्‍यो, स्वीकृतबिना नै काम गरेमा कारबाही गर्छौं- उनले भने- कुनै व्यक्तिले ढाँटेर जर्नल प्रकाशित गर्न पाउँदैन।

परिषद्का सदस्यसचिव समेत रहेका डा. ज्ञवालीले अहिले अनुसन्धानको लागि नाम जर्नलमा प्रकाशित गरेर वैज्ञानिक बन्ने चलन बढेकोले त्यसलाई रोक्ने बताए। उनले अनुसन्धानकर्ताले गुणस्तरिय अनुसन्धान गर्नका लागि शैक्षिक योग्यता पनि सोही अनुसार हुनुपर्ने बताए। शिक्षासँग तालिम र अनुभव नभएको व्यक्ति अनुसन्धानकर्ता हुन सक्दैन- उनले भने।

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वास्थ्य क्षेत्रको चासोका बिषयमा अध्ययन गर्दा राष्ट्रिय स्वास्थ्यका सम्बन्धमा कतिको फाइदा भयो वा हुन्छ, त्यसबारे पनि हेर्ने गरेको उनी बताउँछन्। स्वास्थ्य नीतिमा रहेर स्वास्थ्य अनुसन्धानलाई प्राथमिकतामा राख्ने उनको भनाइ रहेको छ।

यस्तै परिषद्ले आचारसंहिताको पालना गरे नगरेकोबारे अनुगमन गर्न 'आचारसहिंता पुनरावलोकन समिति' समेत गठन गरेको छ। समितिलाई कुनै पनि अनुसन्धान गर्न योग्य छ वा छैन, परिषद्को मान्यता अनुसार आचारसहिंता पालना गरे वा नगरेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता पालना गरे वा नगरेको तथा अनुसन्धानले स्वास्थ्यलाई हानी हुन्छ कि हुँदैन, स्वीकृत गर्ने/नगर्ने अधिकार रहेको परिषद्को मूल्याङ्कन शाखाप्रमुख घिमिरे बताउँछन्।

यस्तै परिषद्ले विभिन्न ५५ संस्थामा 'संस्थागत आचारसहिंता पुनरावलोन समिति' गठन गरेको छ। यसैबीच परिषद्ले अनुसन्धानकर्ताको 'परिचय-पत्र' बनाउने भएको छ। परिषद्का कार्यकारी प्रमुख डा. ज्ञवालीले परिचय पत्र बनाउनका लागि छलफल चलिरहेकोले चाँडै नै उपलब्ध गराउने बताए।

कम्प्युटरमा खोल्ने वितिकै अनुसन्धानकर्ताको परिचय तथा उसका सवै कामबारे जानकारी लिन सकिन्छ- उनले भने- परिचय पत्रको आधारमा अनुसन्धानकर्ता नक्कली हो वा होइन तथा कुन तहको हो भन्ने कुरा सबै थाहा हुन्छ।

## 'झिँगेदाउ' गीत खिच्न १५ लाख



लामो समयपछि निर्देशनमा फर्किएका ज्ञानेन्द्र देउजाले फिल्म 'झिँगेदाउ'को कोरोना महामारीभन्दा अगाडि एक गीतबाहेक सम्पूर्ण छायांकन सकाएका थिए।

उनले गीत बाहेकको पोस्ट प्रोडक्सनको काम पनि पूरा गरिसकेका छन्। फिल्मको प्रदर्शन मिति नजिकिँदै गएपछि देउजाले गीतको छायांकन पनि भ्याएका छन्। ललितपुरस्थित श्रीकाली चौरमा गीतको छायांकन भएको हो।

लगातार परेको वर्षाका कारण चार दिन लगाएर बिहीवार गीतको छायांकन सकिएको निर्देशक देउजाले जानकारी दिए। उनले गीत खिच्न मात्र १५ लाखभन्दा बढी खर्च भएको बताए। फिल्मको कथाको माग अनुसार कुनै कुरामा कम्प्रमाइज नगरी छायांकन गर्दा ठूलो रकम खर्च भएको उनको भनाइ छ। तर, काम राम्रो भएकाले बजेट बढेकोमा कुनै गुनासो नरहेको उनी बताउँछन्।

रामजी लामिछाने कोरियोग्राफी गरेको फिल्ममा समावेश 'ए माया तिमी विना जीवन चल्दैन' गीतमा फिल्मका प्रमुख कलाकारहरु केकी अधिकारी आँचल शर्मा, मुकुन भुषाल र कुशल बिष्ट छन्। फिल्ममा केकीको जोडी मुकुन र आँचलको जोडी कुशल छन्। फिल्ममा जेठानी र देवरानीको भूमिकामा प्रस्तुत भएका केकी र आँचलले विवाहभन्दा अगाडि 'झिँगेदाउ'मा अभिनय गरेका थिए।

कपनगडी सिनेमा र फिल्म क्रियु नेपालको ब्यानरमा निर्माण भएको फिल्म भिमनिधि तिवारीको चर्चित कथा 'झिंगेदाउ' मा आधारित भएर निर्माण भएको हो। प्रदीप भारद्वाजको पटकथा तथा संवाद रहेको फिल्ममा अर्जुन पोखरेलको संगीत, बिष्णु घिमिरेको छायांकन र मित्र डि गुरुङले सम्पादनको जिम्मेवारी सम्हालेका छन्। फिल्ममा सुलभ, समिक्षा र सुशिल निर्माताको रुपमा छन्।

### विपद् ...

क्षेत्रमा सरदरभन्दा बढी वर्षा हुने बताएको छ। ती क्षेत्रहरुमा बढी वर्षा हुने सम्भावना (३४ देखि ६५ प्रतिशत) रहेको छ।

मौसमविद् एवम् डीपीनेटका प्राविधिक सल्लाहकार डा. धरम उप्रेतीले विगतका वर्षहरुको तुलनामा यस वर्ष मनसुनको चाप बढी रहेकाले यसले बाढी, पहिरो, कटान, डुबानजस्ता क्षति विपद् ल्याउने हुँदा त्यसबाट सुरक्षित रहन पूर्वतयारीदेखि पूर्व सूचना प्रणालीलाई समुदायस्तरसम्म पुर्‍याउन जरुरी रहेको उल्लेख गरे। नेपालमा हुने कूल वार्षिक वर्षाको करिब ८० प्रतिशत मनसुनी वर्षाको रुपमा जेठदेखि असोजसम्मको चार महिनाको अवधिमा हुने हुँदा यसबाट हुने मानवीय वा भौतिक क्षतिलाई रोक्न सरकार, सरोकारवाला निकाय र सर्वसाधारणमा आवश्यक तयारी, सूचना र प्रतिकार्यसहित कार्ययोजनाको कार्यान्वयनमा जोड दिनुपर्ने उनको भनाइ छ।

डिपीनेटका कार्यवाहक अध्यक्ष डा. राजु थापाले प्राकृतिक विपद्का दृष्टिले नेपाल विश्वमै उच्च जोखिमपूर्ण अवस्थामा रहेको भए पनि कानूनी प्रबन्ध र संस्थागत विकासमा अन्य देशको तुलनामा धेरै प्रगति गर्न सकेको उल्लेख गरे। उनले गत वर्ष डिपीनेटले कार्यान्वयन गरेका विभिन्न छ वटा परियोजनाहरुको उपलब्धि र यस वर्षका लागि प्रस्तावित कार्ययोजनाका बारेमा प्रकाश पारेका थिए। डीपीनेटका महासचिव कैलाश रिजालका अनुसार हाल डीपीनेटमा विपद्का क्षेत्रमा कार्यरत सयभन्दा बढी गैरसरकारी संस्था र झण्डै तीन दर्जन अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आवद्ध रहेका छन्।

### खेलाडीलाई ...

थियो। लिग बिजेता झापाले १३ खेलको समाप्तिमा ३४ अंक जोडेको थियो।

**झापा फुटबल क्लबका खेलाडी तथा अफिसियल**

सञ्जय गुरुङ, टेकेन राना मगर, पेमा तामाङ, लक्ष्मण बेघा लिम्बू (कप्तान), सुमन मगर, विशाल थिङ तामाङ, सञ्जोग मगर, मनिष योङहाङ, पारस कार्की, पुजन राई, विशाल खवास, सन्दीप लिम्बू, निखिल तामाङ, दिनेश मुर्मू, विश्वास सुब्बा, सिद्धार्थ अधिकारी, विक्रम राई, आशिष गुरुङ, शान्तिराम बस्नेत, युवराज तामाङ, खगेन्द्र बयलकोटी, विशाल राई ए, हरिबहादुर मगर रहेका छन्।

टिम व्यवस्थापकः पेम्बु गुरुङ, टिम सहायक व्यवस्थापकः गोपाल राई, मुख्य प्रशिक्षकः अंकुरकुमार खड्गी, गोलकिप्पर प्रशिक्षकः रोशन शाह ठकुरी सो क्लबमा आवद्ध रहेको बताइएको छ।

### विपद् प्रतिकार्य ...

प्रहरी समक्ष पुग्ने भएकाले प्रहरी तैनाथ अवस्थामा रहेको बताए। प्रदेशका तीन ओटै सुरक्षा निकायका प्रतिनिधिले सबैको सहयोगमा उद्धार तथा राहतका काम छिटो गर्न सकिने धारणा राखेका थिए।

सरोकारवाला निकायका प्रतिनिधिले विपद्को पूर्व तयारीले नै क्षतिको अवस्था कस्तो हुन्छ भन्ने देखाउने बताएका छन्। भौतिक संरचना निर्माण गर्दा विशेष ख्याल गरेमा पनि धेरै मात्रामा विपद्को जोखिम घटने उनीहरूको धारणा थियो। 'हामी खोला मिचेर संरचना बनाउँदछौं, जथाभावी उत्खनन् गर्छौं, पछि खोलाले बाटो खोज्दा जोखिम बढ्छ। त्यस कारण भौतिक संरचना बनाउँदा विशेष ख्याल गरौं।'

मन्त्रालयले नागरिकलाई सुरक्षित राख्न कालागि सम्बन्धित मन्त्रालयलाई आफ्नो क्षेत्राधिकारभित्रबाट काम गर्न आग्रह गरेको छ। मन्त्रालयका सचिव कालीप्रसाद पराजुलीले नागरिकको सुरक्षाका लागि साथै उद्धार तथा राहतका लागि तत्तत् निकायबाट काम गर्न निर्देशन दिए। विपद् हुनुपूर्व नागरिकलाई सुसूचित गर्नेदेखि विपद् भइहालेमा उद्धार तथा राहतको काममा एकजुट भएर लाग्ने उनले बताए।

### सवारी ...

जनाएको छ।

यसैगरी पाँचथरको हिलिहाङ गाउँपालिका-७ सल्लेरीमा बुधवार दिउँसो ट्याङ्करले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ।

पाँचथरबाट झापातर्फ जाँदै गरेको मे१ख २४९४ नम्बरको ट्याङ्करले र बिपरीत दिशातर्फ जाँदै गरेको को.५प २३३० नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा घाइते भएका चालक रामधुनी नगरपालिका-७ सुनसरीका २६ बर्षीय प्रेम घिसिङको उपचारको क्रममा वीएण्डसी अस्पताल बिर्तामोडमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

### पब्जी ...

त्यसपछि उनी रिसाए। राति साधना निदाइरहेको बेला ती किशोरले बुवाको पेस्तोल निकालेर आमालाई प्रहार गरेको प्रहरीले जनाएको छ।

त्यसपछि उनले आफ्नी १० वर्षीया बहिनीलाई पनि धम्क्याएर एउटा कोठामा बन्द गरिदिए। प्रहरी बन्द कोठामा पस्दा छोरी आमाको शवसँगै डराउँदै सुतिरहेकी थिइन्।

शव नजिकै पेस्तोल भेटिएको प्रहरीले जनाएको छ। पेस्तोलमा कुनै गोली बाँकी नरहेकोले कति गोली प्रहार गरेको हो भन्ने बारे अनुसन्धान जारी रहेको बताइएको छ। ती किशोर नाबालक भएकाले नाम भने खुलाइएको छैन। भारत सरकाले २०२० को सेप्टेम्बर ३ बाट पब्जी खेल प्रतिबन्ध लगाएको थियो। तर भारतमा पब्जी खेल्न रोकिएको छैन।

**आवश्यकता**

**बिर्तामोड, लक्ष्मीपुर, सुरुङ्गा र दमकको लागि सेक्यूरिटी गाडीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला।**

**संख्याः २३ जना**
**(महिला/पुरुष)**
**सम्पर्कः ०२३-५४५७८२**

**कपडा पसल बिक्रीमा**

**बिर्तामोड नगरपालिका-५ कृषिथोक रोडमा चालू अवस्थामा रहेको फेन्सी कपडा पसल तु-विक्रीमा छ।**

**मो. ९८४२६९५७८८**
**९८०४९६५०८५**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२, ९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# विधिलाई पछ्याऊ

सूचना प्राप्त गर्नु नागरिकको मौलिक हक हो । अझ प्रजातान्त्रिक प्रणालीमा राज्य सञ्चालनका प्रमुख तीन अङ्गहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाद्वारा सम्पादित सम्पूर्ण कार्यहरु र तिनका गतिविधि सवैधानिक व्यवस्था अनुसार भए/नभएको हेर्ने र आमनागरिकसम्म पुऱ्याउने दायित्व सञ्चार क्षेत्रको हो । जहाँ सञ्चारकर्मीहरुले आफ्नो धर्म र दायित्व निर्वाह गर्दै नागरिकलाई सुसूचित गर्ने काम गर्छन् । यहीकारण पत्रकारिता जगत्लाई राज्यको चौथो अङ्ग भनिएको हो । यद्यपि यो जगत आफैं विवादमुक्त छैन र संसारको कुनै व्यक्ति, वस्तु वा विषय निर्विवाद र निर्विकल्प छैन/हुँदैन । तर, त्यसभित्रको मर्यादा, शिष्टता, नैतिकता, आचारसहिता र विधिको पालना भएको छ/छैन अनुगमन, सुपरीक्षण र व्यवस्थापन गर्ने संयन्त्रले छुट्याउनुपर्छ । त्यसकै आधारमा उसका कर्मको मूल्याङ्कन गर्नुपर्छ ।

पात्रको प्रवृत्तिका कारण कहिलेकाहीँ साना विषयले ठूलो विवाद ल्याउने गरेको छ । सञ्चारकर्म भित्रकै खोजी पत्रकारिता समाज रुपान्तरणका लागि सहायक हुन्छ, तर त्यसकै अन्तर्यका कतिपय कुरा कसैका लागि अपाच्य हुनसक्छ । अपाच्य लागेका विषयहरु व्यक्तिको अहम्सँग जोडिन्छन् र द्वन्द्वको कारण बन्न पुग्छ । त्यस्तै भएको छ इलामको माई नगरपालिका वडा नं. २ र ८ मा सञ्चालित हेप्पी ड्रिम्स प्रा.लि.को चेप्टी फन पार्कको विवाद । उक्त पार्कले विधि, प्रक्रिया, विपरीत सरकारी जग्गा मिचेको समाचारको क्रिया–प्रतिक्रिया अहिले त्यहाँको राजनीतिक दलको समेत चासोको विषय बनिएको छ । देशकै ठूलो दल नेकपा एमाले माई नगर कमिटीले विज्ञप्ति प्रकाशित गरी पत्रकारको नामै तोकेर धम्क्याएको भन्दै पत्रकार महासंघ झापाले आपत्ति जनाएको छ । महासंघले एमाले नगर कमिटी माई नगरको विज्ञप्ति प्रेस स्वतन्त्रता विरोधी रहेको जनाएको छ । समाचारप्रति चित्त नबुझे कानूनी उपचार खोज्नुपर्ने वैधानिक बाटो छोडेर पत्रकारलाई धम्क्याउनु निन्दनीय र खेदपूर्ण रहेको महासंघको ठहर छ ।

नेपालको संविधानले नै प्रेस अधिकार र स्वतन्त्रताको ग्यारेन्टी गरेको सन्दर्भलाई जनप्रतिनिधि तथा राजनीतिक दलहरुले भुल्न पाउँदैनन् । बरु उनीहरु सवैधानिक अधिकारको प्रत्याभूतिका लागि जहिल्यै सजग, सचेत र प्रतिबद्ध हुनुपर्दछ । फन पार्कले चर्चेको सरकारी जग्गा र सो स्थलसम्म पुग्ने सडक निर्माणको क्रममा काटिएका रुखबिरुवाका कारण भएको र हुनसक्ने वातावरणीय क्षतिको भरपाई गर्न स्थानीय सरकारले के योजना ल्याउँछ त्यता ध्यान दिन जरुरी छ । चुरे क्षेत्रमा रहेको चेप्टी र त्यही भूगोलभित्रका अन्य क्षेत्रहरुको क्षयीकरणले निम्त्याउन सक्ने नोक्सानी रोक्न सबैको चासो हुनै पर्दछ । होला चेप्टीले आन्तरिक पर्यटन प्रवर्द्धन पनि गर्ला र त्यसको असर स्थानीयबासी, त्यहाँका हावापानी, प्राकृतिक विपद् र वातावरणीय संवेदनशीलतामा कति र कस्तो पर्छ ! लेखाजोखा गर्नुपर्छ । समाचार प्रकाशन हुनुअघि नै अख्तियारमा पुगिसकेको जग्गा विवादको अन्त्य नभई यो विवाद टुंगिने अवस्था पनि छैन । त्यसैले सामुहिक छलफलले सबैको लाभ पुग्ने गरी समाधान खोज्न स्थानीय सरकारले छाती खुल्ला गरेर पहल गर्नुपर्छ । त्यसो नगरिए वेरीतसँग आफूखुशी व्यक्ति लाभ लिने प्रवृत्ति अझ मौलाउने छ, जुन हामी र हाम्रो देशको पक्षमा हुँदैन ।

### सामाजिक सञ्जाल



अत्यन्त संवेदनशील कुरा । बैंकिङ क्षेत्रमा देखिएको नगद तरलताको अभावले देशको अर्थतन्त्र धरासायी हुँदैछ । बेलैमा सरकारले अर्थतन्त्र सुधार्न, नोट बन्दी गर्ने वा स्रोत नखुलाई रकम जम्मा गर्न नदिने ।

**– रुपक खनाल**



मान्छेहरू कहिले व्यर्थ विचार त कहिले नकारात्मक विचारमा अल्झेको देख्छु । व्यर्थ विचारको सम्बन्ध कुनै उत्पादनमूलक वा परिणाममूलक कामसँग हुँदैन । यस्तो विचारले समयको बर्वादी गराउँछ । ऊर्जाको नष्ट गर्छ । व्यर्थ विचारले गलत विश्वासको जन्म गराउँछ । गलत विश्वासले गलत दृष्टिकोण निर्माण गर्छ । गलत दृष्टिकोणले निराशा उत्पन्न गर्छ । निराशाले अज्ञात भविष्यको चिन्ता उत्पन्न गर्छ । अज्ञात भविष्यको चिन्ताले मनलाई सताउँछ । तपाईको विचार कस्तो छ ? धुम्म परेको बर्खामा पिपलको छेउमा बसेर सोच्नुस् ।

**– दामोदर न्यौपाने**

# जनताको परीक्षणमा नयाँ नेतृत्व



**उदय मैनाली**

संघीयताको कार्यान्वयन सँगसँगै दोस्रो कार्यकालको लागि स्थानीय तह सदस्य निर्वाचन २०७९ सम्पन्न भएर देशभर स्थानीय सरकारहरु गठन भई कार्य सम्पादन हुन थालीसकेको छ। यसै सन्दर्भमा देशभरको माहोल हेर्दा राजनीतिक दलबाट बिजयी उम्मेदवारभन्दा स्वतन्त्र उम्मेदवारी दिएर विजयी भएका व्यक्तिहरुको चर्चा परिचर्चाले व्यापक स्थान पाएको छ।

चर्चा नहोस् पनि कसरी ? देश कै मुटु रहेको राजधानीमा स्वतन्त्र उम्मेदवार बालेन शाहको क्रेज त्यस्तै धरान, धनगढी, जनकपुर लगायतका स्थानमा स्वतन्त्र उम्मेदवारले बाजी मार्दा देशको कुना-कुनाबाट एउटै आवाज आउन थालेको छ। त्यो जनताले विकल्प रोज्ने मौका पाए। यसो भनिरहँदा राजनीतिक दलबाट जितेका व्यक्ति र स्वतन्त्र व्यक्ति मध्येको कति सफल रहला भन्ने प्रश्न पनि जनमानसमा उब्जिरहेको छ।

यही सन्दर्भमा काठमाडौंका मेयर बालेन साहले केही नीतिगत सुधारका एजेण्डा र कार्यक्रम ल्याएको देखिन्छ। जनताको अभिमतबाट निर्वाचित संस्थाको बैठक, कार्यक्रम पारदर्शी हुनुपर्छ भन्ने मान्यताका साथ कार्यपालिका बैठकको लाइभ प्रशारण, काठमाडौंको फोहोर व्यवस्थापनमा चालेका कदम र स्वतन्त्र व्यक्ति भएर पनि राजनीतिक दलका शीर्ष नेतृत्व र अन्य सरोकारवाला पक्षसँगको नियमित समन्वय तथा परामर्शलाई सकारात्मक सूचकका रुपमा लिन सकिन्छ।


त्यसमध्ये काठमाडौंको सबैभन्दा ठूलो र पुरानो समस्याको रुपमा रहेको फोहोर व्यवस्थापन गर्न मेयर साहले केही हदसम्म प्रयास गरेको देखिन्छ। आज मात्र फोहोरलाई कुहिने/नकुहिने तथा पुनः प्रयोग गर्न सकिने गरी घर घरबाट फोहोर छुट्याएर मात्र महानगरको फोहोर व्यवस्थापन टिमलाई दिने अन्यथा फोहोर सर्टिङ नगरी जथाभावी चोक, गल्ली र बाटोमा फोहोर फालेमा उचित नियम बनाई कारवाहीसम्म गरिने मेयर साहको अभिव्यक्तिप्रति सामाजिक सञ्जालमा सकारात्मक प्रतिक्रियाको ओइरो लागेको देखिन्छ। यस अर्थमा हेर्दा जनताले परीक्षण गरेका पात्र सफलतातर्फ उन्मुख हो की भन्न सकिने ठाउँ देखिन्छ। नयाँ अनुहार, संलग्नता र उपस्थिति खोजिरहेको अहिलेको अवस्थामा उदाएका बालेन शाहको चर्चा शहर, बजार, गल्ली र चोक चोकमा छ।

राष्ट्रले परिवर्तन मागेको बेला त्यो परिपूर्ति गर्न युवा पुस्ता पनि राजनीतिमा होमिनुपर्ने अवस्था आएको बेला विकास गर्छु भनी बालेन शाह अगी सर्नु एकदम साहसिक कार्य हो। विगतका चुनावका छनोटको परिणामहरु प्रायः आमजनताका लागि निराशाजनक नै रहेको छ। सुन्दर सफा हुनुपर्ने काठमाडौं शहर आज फोहोरको डङ्गुरमा परिणत भएको छ।

महानगरले शौचालय व्यवस्थापन सम्बन्धी नीति-नियम निर्माण गर्ने हो भने नेपालमा सार्वजनिक शौचालयको व्यवस्थापनमा देखिएको समस्या हल हुँदै जाने र निजी लगानीकर्ताहरू पनि आकर्षित हुने वातावरण बन्नेछ। यसका साथै सार्वजनिक शौचालय प्रयोगकर्ताहरूले पनि जथाभावी रूपमा शौचालयको प्रयोग नगर्ने र आफूले पाएको सेवा-सुविधाको उचित प्रयोग गर्ने हो भने पनि सार्वजनिक शौचालय व्यवस्थित हुन सक्ने छ।

महानगरले फोहोरमैला समाधानको सबैभन्दा उत्तम उपाय भनेको फोहोरमैला व्यवस्थापन कार्यलाई उच्च प्राथमिकता राखी सो सम्बन्धी दीर्घकालीन योजना बनाई काम गर्नुपर्ने, महानगरपालिकाले आफ्नो संगठन तालिकामा फोहोरमैला व्यवस्थापन शाखाको स्थापना गरी फोहोरमैला व्यवस्थापन सम्बन्धी दक्ष जनशक्ति तयार गर्नका लागि कर्मचारी आवश्यक तालिम उपलब्ध गराउनुपर्ने, फोहोरमैला व्यवस्थापनको तथ्याङ्कलाई वैज्ञानिक ढङ्गले अध्यावधिक गरिराख्ने, फोहोरमैला व्यवस्थापनका लागि पूर्वाधारको विकास गर्ने, फोहोरमैला व्यवस्थापनमा नगरपालिकाहरूले समन्वय गरी छाता अवधारणको विकास गर्ने, नगरबासीहरूलाई फोहोरमैला व्यवस्थापनको मुख्य पक्ष लगायतका कार्यको जनचेतना अभिवृद्धि गरी सो व्यवस्थापनमा सहभागी गराउने, फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई आकर्षित गर्न नगरपालिकाहरूले विशेष कार्य योजना बनाई अगाडि ल्याउन आवश्यक छ।

न्यूनतम् पूर्वाधारको अभाव र चरम अव्यवस्था छ। यस्तो अवस्थामा राजधानी शहरको बागडोर सम्हाल्न एक काबिल युवाको हैसियतले जनताको आशाको केन्द्र बनेका बालेन आफमा इञ्जिनियर भएको हुँदा काठमाडौं सहरको गुमेको गौरव



फर्काउन सकिने तपाईंको आत्मविश्वासको सबैले कदर गरेका छन् ।

काठमाडौंमा मेयर बन्ने आकांक्षीहरूको जमातमा सम्भवतः बालेनको जति चर्चा, चासो र ‘भाइरल’ अरू कोही भएको छैन होला। आम तप्कादेखि उच्च तहसम्म देखिएको बालेनको क्रेज र वाहवाही साँच्चै लोभलाग्दो छ। असल नेता नभएसम्म देश सुध्रदैन भन्ने बालेनको विचार जति मन पराइयो त्यति नै बालेनको काठमाडौंको संस्कार, संस्कृति र सम्पदामाथि राखेको विचारले सबैको मन जितेको छ। तर, ‘ऱ्यापर बालेन’को पक्षमा देखिएको आकर्षणले एकातिर काठमाडौंको रैथाने संरचनामा आएको परिवर्तनको संकेत दिन्छ भने अर्कातिर राजनीतिक दलहरूप्रति आमजनताको आकर्षणमा आएको ह्रासलाई पनि संकेत गर्छ।

बालेन साहहरुले यति मौका र वाहवाही पाइरहँदा अबको जनताको रोजाईमा प्रमुख राजनीतिक दलहरु नभई स्वतन्त्ररुपमा जनताको मन मष्तिस्कमा बस्ने उम्मेदवार पर्ने निश्चित देखिन्छ। यसर्थ, यदि अझै जनभावना बुझेनौ भने दलीय गुट, सेन्डिकेट र घेराभन्दा माथि उठेर आफूलाई परिस्कृत गरेनौ भने हरेक ठाउँ बालेनहरु जन्मनेछन् जनताले ‘लौरो’ रोज्नेछन् जनताले विद्रोह खोज्ने छन्।

# ‘किसानलाई मल, विद्यार्थीलाई पुस्तक र पीडितलाई न्याय खोइ ?’

छोरीले जन्म लिनु नै पाप हो त ! दिनानुदिन सुनिनसक्नु, हेरिनसक्नु घटना बढिरहेका छन्, महिला हिंसा, हत्या र बलात्कारका घटनाप्रति लक्ष्य गर्दै भावुक मुद्रामा सांसद आशाकुमारी विकले प्रश्न गर्नुभयो- ‘हिजो मात्रै सुर्खेतमा सात वर्षीया बालिका गृश्म विक चार दिनपछि मृत फेला परेको र बाँकेको खजुरामा जन्मदिन मनाउन गएकाको सामूहिक बलात्कार जस्ता जघन्य अपराध गर्ने दोषीलाई कारवाही गर्नुको साटो सरकार किन टुलुटुलु हेरेर बसिरहेको छ ?

जनताका आवाजलाई जनप्रतिनिधिले मुखरित गर्ने सार्वभौम संसद्मा सांसदहरुले निकै गम्भीरतापूर्वक यस्ता प्रश्न उठाइरहेका छन् । संसदीय प्रणाली अनुसार व्यवस्थापिकाको जिम्मेवारी पाएको संसद्मा उठेका आवाज र दिइएका निर्देशनलाई कार्यान्वयन गर्नु कार्यपालिका (सरकार) को दायित्व हुन्छ।

बाँकेको राप्तीसोनारी निवासी १६ वर्षीया किशोरीमाथि बाँकेकै बैजनाथ बस्ने हेमराज थारूले आफ्नो जन्मदिनको कार्यक्रममा आमन्त्रण गरी अन्य छ जना साथीहरुसँग फूलबारी भन्ने स्थानमा लगेर सामुहिक बलात्कार गरेका थिए। त्यसो त गृहमन्त्री बालकृष्ण खाँणले महिला हिंसाका ती लगायत छ वटा घटनाबारे सभामुखको रुलिङ बमोजिम प्रतिनिधि सभामा मङ्गलबार जानकारी गराउनुभएको थियो।

गृहमन्त्री खाणले बाँकेको राप्तीसोनारी निवासी १६ वर्षीया किशोरी माथि भएको सामुहिक बलात्कारको घटना ज्यादै दुःखद् र निन्दनीय भएको उल्लेख गर्दै उहाँले बलात्कारमा संलग्नलाई प्रहरीले पक्राउ गरेर कारबाही प्रक्रिया अगाडि बढाइसकेको बताउनुभएको थियो। उहाँले खजुराको धनौजीको प्रहरी चौकीले घटनामा संलग्न सात जनालाई पक्राउ गरेको र स्थानीय प्रशासनको सहयोगमा पीडित किशोरीको उपचार भइरहेको जानकारी दिनुभएको थियो।

‘यौन हिंसालाई दुरुत्साहन गर्ने, बलात्कार र सामुहिक बलात्कारमा प्रताडित भएका नारीलाई सम्मानजनक जीवनयापनका लागि वातावरण तयार गर्नुपर्ने र त्यसका लागि आवश्यक कानूनी प्रावधानलाई संशोधन र




परिमार्जन गर्नुपर्ने आवाजसँग सहमत छु’ -गृहमन्त्रीको भनाइ थियो। सरकारको उक्त प्रतिबद्धतालाई स्मरण गराउँदै आज पनि सांसदहरुले ती घटनामा प्रश्न उठाएका हुन्।

आजको बैठकमा सांसद गङ्गा चौधरी (सत्गौवा)ले मुलुकमा हत्या, बलात्कार लगायतका घटना बढिरहेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। ‘बर्दियाको मधुवनकी अस्मिता थारू खेतमा पानी पुऱ्याउन गएकी घाइते भएर उपचाररत हुनुहुन्छ, जेठ १० गते कौशिल्या सिंहको पनि बाघको आक्रमणबाट मृत्यु भएको छ, पटक-पटक गरेर २३ जनाको हत्या भइसक्दा पनि सम्बन्धित निकाय मौन बसेपछि जनताले आवाज उठाउँदा उनीहरुप्रति प्रहरी प्रशासनले हस्तक्षेप गरेको घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँछु’ -उहाँले भन्नुभयो।

सांसद अमृता थापाले देशमा बालिका र किशोरीले बाँच्न पाउनुपर्ने वातावरण सिर्जना हुनुपर्ने बताउनुभयो। हालै इटहरीमा १५ वर्षीया किशोरीलाई विराटनगरका १३ वर्षीय विनोदकुमार मण्डलले गाडी चडाउने बाहनामा बेपत्ता बनाएको घटनाको अहिलेसम्म प्रहरी प्रशासनले चासो नदिएको भन्दै उहाँले तत्काल सत्यतथ्य पत्तालगाई दोषीमाथि कारवाही गर्न माग गर्नुभयो।

शून्य समयमा बोल्ने सांसदले देशमा हत्या, हिंसा, बलात्कार लगायतका घटना दिनप्रतिदिन बढिरहेको तथा परीक्षाको मुखमा पनि देशभरका विद्यार्थीले पाठ्यपुस्तक पाउन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। जघन्य अपराधका दोषीलाई कडा कारवाही गर्न र तत्काल पाठ्यपुस्तक छापेर देशभरका विद्यालयमा पुऱ्याउने व्यवस्था मिलाउन जोडदार माग गर्नुभयो। सांसद उमाशंकर अरगरियाले किसानलाई मल नभएकामा चिन्ता व्यक्त गर्दै वर्षेनि यस्तो समस्या किन आउँछ भनेर प्रश्न गर्नुभयो।

सांसदहरुले कृषिसँग सम्बन्धित विषयमा सरकारले बजेटमा केही राम्रा योजना ल्याएको भन्दै त्यसको व्यवहारिक कार्यान्वयनतर्फ ध्यान दिन आग्रह गर्नुभयो। आज विभिन्न चार मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसद योगेशकुमार भट्टराईले कृषि उत्पादन प्रवर्द्धन र प्रोत्साहन सम्बन्धी कार्यक्रमलाई कार्यान्वयनको चरणमा लैजान माग गर्नुभयो। उहाँले बजेटमा लोकप्रिय कार्यक्रमको रुपमा किसान पेन्सनको अवधारणा ल्याइएकामा सरकारलाई धन्यवाद दिँदै कति वर्षसम्मका किसानलाई यस्तो पेन्सन दिने भन्ने व्यवस्था अपुष्ट रहेको बताउनुभयो। उहाँले किसानले पेन्सन पाउन उनीहरुको सूचीकरण र वर्गीकरण गरिनु अपरिहार्य भएको उल्लेख गर्नुभयो। सांसद भट्टराईले वर्षायाम शुरु भइसक्दा पनि अहिले किसानले मल पाउने अवस्था नरहेको भन्दै तत्काल व्यवस्था गर्न माग गर्नुभयो।

सांसद गगनकुमार थापाले बजेटले कृषिलाई उच्च प्राथमिकता दिइनु प्रसंशनीय विषय रहेको भन्दै उत्पादनमूलक उद्योग प्रवर्द्धन र निर्यातजन्य वस्तुको प्रोत्साहनमा पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले कृषि उत्पादन बढाउन किसानलाई प्रयाप्त मल, आधुनिक उपकरणको सहजीकरण जस्ता विषयलाई सरकारले सहुलियत दिनुपर्ने खाँचो औंल्याउनुभयो। मल मौज्दात सीमित भएको, हरेक सरकारको पालामा मलको समस्या उस्तै रहने गरेको भन्दै यसको दीर्घकालीन समाधानका लागि विशेष कार्यक्रम ल्याइनुपर्ने उहाँले बताउनुभयो। सांसद अमनलाल मोदीले बजेटले किसानलाई उत्साहित बजाएको भन्दै कृषि उपज खपत र बजारीकरणमा ध्यान दिनुपर्ने खाँचो औंल्याउनुभयो।

मन्त्रीहरु नदेखिँदा...

बैठकमा सांसद विमला विकले संसद् भवनभित्र जहिल्यै पाँच मिनेट घण्टी बज्नुपर्नेमा २५ मिनेटसम्म बज्दा घडी बिग्रियो कि भनेर हेर्दा मन्त्री नआएर लामो समय घण्टी बजेको थाह लागेको भन्दै व्यङ्ग्य गर्नुभयो। सांसद् डा. विजय सुब्बाले सम्बन्धित मन्त्रालयका मन्त्रीहरु पनि उपस्थित नहुँदा मन्त्रालयगत विनियोजन विधेयकमाथिको छलफलको कतिको सार्थकता हुन्छ भनेर प्रश्न गर्नुभयो। सांसद दिव्यमणि राजभण्डारीले प्रतिपक्षी सांसदले मन्त्रीहरुको अनुपस्थितिबारे प्रश्न उठाउँदा आफूहरु पनि नाजवाफ हुनु परेको अनुभव सुनाउनुभयो। आजको बैठकमा विनियोजन विधेयक अन्तर्गत कृषि तथा पशुपंक्षी मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथि छलफल जारी रहेको छ।

# मृगौलापीडित बालकलाई सहयोगको अपिल



**भद्रपुर, जेठ २६।** मृगौलापीडित भद्रपुर नगरपालिका-९ निवासी १३ वर्षीय नवीन श्रेष्ठको उपचारका लागि आर्थिक रकम सहयोग जुटाई दिन उनका परिवारले अपिल गरेका छन् ।

आर्थिक अवस्था कमजोर रहेका मृगौलापीडित नवीनको हाल कान्ति बाल अस्पताल काठमाडौंमा उपचार भइरहेको छ । भद्रपुर- ९ घोडामारास्थित पशुपतिनाथ आधारभूत कक्षा ६ मा अध्ययनरत् नवीनलाई बचाइ दिन उनका आमा पूर्णमाया श्रेष्ठले अपिल गरेकी हुन् ।

विगत पाँच वर्षदेखि मृगौला रोगबाट पीडित नवीनको उपचारमा हालसम्म १९ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको बताउँदै पूर्णमायाले भनिन्- 'छोराको उपचारका लागि मेची अस्पताल भद्रपुर, ओम साई पाथीभरा अस्पताल भद्रपुर, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, पाटन अस्पताल काठमाडौं धाइसकेको छु, हाल कान्ति बाल अस्पतालमा उपचार भइरहेको छ । आर्थिक अवस्था कमजोरका कारण श्रीमान् हरिप्रसाद रोजगारीका लागि खाडी मुलुक साउदीमा हुनुहुन्छ' -उनले भनिन्- 'श्रीमान् परिवार पाल्न विदेशमा, यता म छोराको उपचारका लागि अस्पताल धाउँदैछु, भएको धन सम्पत्ति पनि छोराको उपचारमा सकिसक्यो ।'

छोराको आर्थिक संकलनका लागि भद्रपुर नगरपालिका ९ नम्बर वडा कार्यालयले दिएको पत्रको आधारमा सहयोग जुटाइरहेको उनले बताइन् । सिभिल बैङ्कको खाता नम्बर ०९८१०४६४९५२०१७ मा रकम जुटाएर सहयोग गरिदिन उनले आग्रह समेत गरेकी छिन् ।

# बिर्तामोडमा दर्ता शिविर सञ्चालन



**बिर्तामोड, जेठ २६।** बिर्तामोड नगरपालिकामा दर्ता शिविर शुरु भएको छ । वडा नम्बर १ को किरात याक्थुङ चुम्लुङ जिल्ला कार्यसमितिको कार्यालयमा आयोजित कार्यक्रममा नगरका प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले निस्सा प्रदान गरेर शिविरको उद्घाटन गरे ।

वडाध्यक्ष अग्निप्रसाद पाण्डेको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा विवाह दर्ता र बसाईसराईको निस्सा वितरण गरिएको थियो । चन्द्रप्रसाद ढकाल र निशा खड्काको विवाह दर्ता र ओमबहादुर लिम्बूको बसाईसराईको सूचना फारमको निस्सा प्रमुख प्रशासकीय अधिकृत न्यौपाने र वडाध्यक्ष पाण्डेले संयुक्तरुपमा हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा प्रशासकीय अधिकृत न्यौपानेले राज्यले आफ्ना नागरिकहरुको अवस्था बुझ्न र अभिलेख राख्नका लागि यो दर्ता शिविरको आयोजना गरेकोले आवश्यक सबैले लाभ लिन आग्रह गरे । आफ्ना घर-गाउँमै अभियान आएकोले आफू गर्न र अरुलाई पनि खबर गर्न आवश्यक रहेको भन्दै उनले कोही पनि सेवाबाट छुट्न नहुनेमा जोड दिए ।

कार्यक्रममा वडाध्यक्ष पाण्डेले उपलब्धिमूलक अभियानका रुपमा शिविरको आयोजना गरिएकाले सबैले घटना दर्ता गर्न आग्रह गरे । शिविरमा व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता दर्ता र गुनासो समेत दर्ता गर्न सकिने छ । शिविर असार १५ गतेसम्म तालिका अनुसार नगरका सबै वडामा सञ्चालन हुने छ । प्रत्येक वडाका विभिन्न स्थानमा तीन दिनसम्म शिविर सञ्चालन हुने र वडा नम्बर १ मा जेष्ठ २५, २६ र २७ गतेसम्म अतिथि सदन, सूर्यनगर कालिमन्दिर र किरात याक्थुङ चुम्लुङको कार्यालयमा शिविर सञ्चालन हुने नगरपालिकाले जनाएको छ ।

# विन्ध्यवासिनीमा पुनः मनोज जोशी

□ होमप्रकाश अधिकारी

**अर्जुनधारा, जेठ २६।** अर्जुनधारा नगरपालिका वडा नं. ४ को पर्यटकीय स्थलमा अवस्थित विन्ध्यवासिनी शक्तिपीठको व्यवस्थापन समितिमा पुनः मनोज जोशी चयन भएका छन् ।

सातौं साधारणसभा तथा नयाँ समिति गठन कार्यक्रममा जोशीको अध्यक्षतामा १३ सदस्यीय नयाँ समिति चयन गरिएको हो । समितिको उपाध्यक्षद्वय प्रेमबहादुर कार्की मनोरथ शिवाकोटी, सचिव एकदेव खनाल, सहसचिव मणि भण्डारी र कोषाध्यक्ष चिरञ्जिवी शिवाकोटी चयन भएका हुन् । त्यसैगरी सदस्यहरुमा कुमार राई, पिताम्बर गौतम, टेकबहादुर कार्की डोली, नरमाया खत्री, धनमाया खत्री, गोपाल राउत, सरस्वती दनुवार चयन भएका छन् ।



त्यस्तै समितिका अध्यक्ष मनोज जोशीको अध्यक्षता तथा अर्जुनधारा नगरपालिका वडा नं. ४ का वडाध्यक्ष अमर कटुवालको प्रमुख आतिथ्यमा समपन्न कार्यक्रममा कृष्ण भट्टराई, कृष्ण पौडेल, खेम काफ्ले, राजन अधिकारी, कुमार राई, उर्मिला कटुवालले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा श्रवण हल घेराबारा, ग्रिल निर्माण, कृष्ण सरोबर कलिया दहन निर्माण गर्ने, शक्तिपीठलाई अर्जुनधारा-४ को प्रमुख तीर्थस्थल घोषित गर्न पहल गर्ने, राधाकृष्ण मन्दिर र यज्ञशाला निर्माण गर्ने साथै मन्दिर परिसरमा पेवल बिछ्याउने लगायतका भावी नीति तथा कार्यक्रमसहितको अध्यक्षको प्रतिवेदन अध्यक्ष जोशीले प्रस्तुत गरेका थिए ।

समितिका उपाध्यक्ष मनोरथ शिवाकोटीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव प्रेमबहादुर कार्कीले गरेका थिए ।

# सिम्रिकले गर्‍यो कर्जा मिनाह



**बिर्तामोड, जेठ २६।** झापामा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले सदस्यको ऋण मिनाह गरेको छ ।

सिम्रिक साकोसले सेवाकेन्द्र पाडाजुंगी अन्तर्गतका कमल गाउँपालिका-३, झापा स्थायी बसोबार गर्दै आएका शेयर सदस्य दीपक भुजेलको नाममा रहेको कर्जा एक लाख ४० हजार ९५ रुपैयाँ शेयर सदस्यको मृत्युपश्चात एक कार्यक्रमका बीच मिनाह गरेको पत्र संस्थाका सञ्चालक सदस्य नवीन योगीको उपस्थितिमा घरपरिवारका सदस्यलाई बुझाएको छ ।

२०७८ माघ २७ गते स्व. भुजेलले व्यवसायिक प्रयोजनका लागि एक लाख ५५ हजार रुपैयाँ लिएको सेवाकेन्द्र पाडाजुँगीकी प्रमुख देवीमाया योगीले बताइन् । संस्थाको नियमानुसार शेयरसदस्यले लिएको कर्जा सदस्यको मृत्युपश्चात घरपरिवारलाई आर्थिक अभाव र कर्जा तिर्न समस्या उत्पन्न हुने भएको हुँदा कर्जा मिनाह गरिएको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले बताए ।

साथै उक्त कर्जा मिनाह कार्यक्रममा सेवाकेन्द्र पशुहाट दमकका प्रमुख यज्ञप्रसाद भट्टराई तथा सेवाकेन्द्र क्याम्पसमोड दमककी प्रमुख लीला खरेल न्यौपाने लगायतको सहभागिता रहेको थियो ।

# वैवाहिक वर्षगाँठमा विद्यालयलाई सहयोग

**दुहागढी, जेठ २६।** वैवाहिक वर्षगाँठको अवसरमा मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयलाई एक दम्पत्तिले पंखा प्रदान गरेका छन् ।

हाल फिनल्याण्डमा रहेका स्थानीय रुष्मा मैनाली काफ्ले र सुमित काफ्लेले आफ्नो तेस्रो वैवाहिक वर्षगाँठको अवसर पारेर विद्यालयलाई ११ हजार मूल्यको चार थान पंखा प्रदान गरेका हुन् ।



कार्यक्रमका बीच स्थानीय समाजसेवी एवम् दाताका बुवा गोपीराज मैनालीले विद्यालयका प्रधानाध्यापक विश्व थापालाई पंखा हस्तान्तरण गरेका थिए । पंखा ग्रहण गर्दै प्रधानाध्यापक थापाले दाताहरुलाई धन्यवाद दिएका थिए ।


## स्कर्पियो भाडामा

नेपालको जुनसुकै ठाउँमा जानको लागि सुविधायुक्त स्कर्पियो चाहिएमा हामीलाई सम्झनुहोस् ।
मो. ९७४९२४३५७०, ९८१५००६०१२

## कर्मचारी आवश्यकता

पदः P.R.O. कार्यालय सहायक
संख्याः १० जना (महिला/पुरुष)
योग्यताः एसएलसी पास वा +२
तलबः १५१,००।-सम्म
नोटः सञ्चयकोष र बोनसको व्यवस्था छ ।
सम्पर्कः ग्रेट फ्युचर कम्पनी
भद्रपुर रोड, बिर्तामोड
मो. ९८१४३९७३४०, ९८१९३४८९७२

## अब पानीटंकीमा

चार चक्के सानो गाडी डेन्टीङ्ग, पेन्टीङ साथै इञ्जीन मर्मत सस्तो र भरपर्दो सेवा
MAMA BHANJA GARAGE
न्यू मार्केट मारुती सुजुकी बस स्टेण्ड पानीटंकी भारत
chanchal:
+91 9775379436, +977 9808612158
Partho
+91 9641135590, +977 9816989225

## होम डेकोर

AAROHI
INTERNATIONAL PAINTING & DEVORATIVE PVT. LTD.
HOME DECOR
Interior Homes Decoration Gypsum Cornice
यहाँ सम्पूर्ण कलरबाट गर्ने डिजाइनहरु Arts, 3D Wall Painting, Wall Sticker र Wall Paper अनि तपाईहरुले चाहे जस्तै घरका सम्पूर्ण Painting को काम सुपथ मूल्यमा गरिन्छ । यहाँ घर, पसल, मार्केटहरुमा सम्पूर्ण कलहरुबाट डिजाइन गरिन्छ ।
प्रोप्राइटर : रोशन बानियाँ
पश्चिम बस स्टेण्ड बिर्तामोड, झापा (फोन नं. ९८१८९५४९१३)
नोट : यहाँ कलर पाउनका साथै घर निर्माण पनि गरिन्छ ।

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## कर्मचारी आवश्यकता

संख्या : केही
पद : P. R. O. / G. R. O.
तलब : १३०००-२०,०००।-
योग्यता : साधारण लेखपढ गर्न सक्ने SEE, +2 (पद अनुसार)
कागजात : नेपाली नागरिकता/शैक्षिक योग्यता प्रमाणपत्र/pp साइजको फोटो
सम्पर्कः
९८०१६१५३९६, ९८६६६७२५७९

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।
सम्पर्कः
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिसः ९७४६८७९७०२
९८४२६२४३४३, ९८१४०३६३४४

## धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई
सम्पर्कः
9808705206
9863983668
9807930740
9827930240
झट्ट फोन झट्ट सेवा

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## विशेषज्ञ डाक्टरहरूको सेवा

डा. अजय अग्रवाल
MBBS, MD
वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ
प्रत्येक दिन बिहान : ८:३०-९:३०
बेलुका ५:००-६:०० बजेसम्म

डा. पिताम्बर ठाकुर
MBBS, MD
वरिष्ठ फिजीसीयन
प्रत्येक दिन बिहान : ११:००-१:००
दिउसो ३:००-५:०० बजेसम्म

अन्य सेवाहरू : हाडजोर्नी तथा नशा रोग, बालरोग, नाक, कान, घाटी रोग, छाला तथा यौनरोग, बाथरोग तथा टाउको तथा मानसिक रोगको विशेषज्ञ डाक्टरहरुद्धारा दैनिक सेवा उपलब्ध छ ।
नोटः यहाँ डिजिटल एक्स-रे, भिडियो एक्स-रे, इसीजी तथा आधुनिक प्याथोलोजी ल्यावको सेवा रहेको छ ।
सम्पर्कः ठाकुर पोलीक्लीनिक
बिर्तामोड, पश्चिम स्टेण्ट, फोन नं. : ०२३-५९०००८, ९८१७९६४७७९

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## सरकारी कम्पनी EMIRETES Transport Dubai मा Bike Rider लाई रोजगारको अवसर

कम्पनी : BAKMART CO.
LT No. 212236 | चलानी नं. ६०१३२६९७

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब | काम | खाना/बस्न | करार |
|---|---|---|---|---|---|---|
| १. | Packing Helper | 80 | 800/- AED | ८ घण्टा २६ दिन | छ/छ | २ वर्ष |
| २. | Office boy | 80 | 1300/– AED | | | |
| ३. | Where house helper | 60 | 850/– AED | | | |
| ४. | Welder | 80 | 1600/- DHS | | | |

नोटः फ्याक्ट्री हेल्परको खाना/बस्नसहित 1200/- AED ग्यारेन्टी गरिन्छ । उमेरको हकमा १८ वर्षदेखि ३८ वर्षसम्मका महानुभावले सम्पर्क गर्नुहोला ।

नोटः– Bike Rider को हकमा १८ वर्षभन्दा माथिका नेपाली बाइक ड्राइभरहरूले Apply गर्न सकिनेछ । तलब मासिक १ लाखभन्दा माथि कमाइ हुनेछ । साथै नेपाली टेक्सी ड्राइभरहरूको १५00 DHS तलब भएको ड्राइभरहरूको पनि माग भई आएको छ जानेले तु-सम्पर्क गर्नुहोस् ।

फाइनल अन्तरवार्ता यही जेठ ३० गते सोमबार बिर्तामोडमा हुनेछ ।

सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)
डिल्लीबजार, काठमाडौं (फोन सम्पर्क : ९८०८०७४५९८, ९८०३०७४४३९, ९८५२६७४४३९)




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तम सिद्धी रहेको छ ।